का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ असार २०८०,
सोमबार
10 July 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १६५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



प्रधानमन्त्रीको जवाफपछि संसद खुल्ने ग्यारेण्टी हुनुपर्ने सत्तापक्षीय दलहरुको शर्त र प्रधानमन्त्रीको जवाफ सुनेपछि मात्रै सदन खुल्ने वा नखुल्ने निर्णयमा पुग्ने एमालेको अडानका कारण आइतबार पनि प्रतिनिधिसभाको बैठक बस्दै नबसी सोमबार दिउँसो ३ बजेसम्मका लागि स्थगित भएको छ ।

प्रधानमन्त्रीका सल्लाहकार गोविन्द आचार्यले जारी गरेको विज्ञप्ति र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले ट्वीटरमा लेखेको विषयमा पनि प्रचण्डले आत्मलोचना गरेर माफी माग्नुपर्छ ।

**केपी शर्मा ओली**
अध्यक्ष, एमाले

# आधा घण्टा पनि अडिएनन् ओली



स्पष्टीकरण सुनेपछि पनि अवरोध गर्ने जस्तो उधारो कुरा गरेर हुँदैन । शीर्ष नेताका बीचमा स्पष्टीकरण सुनेर सदनको अवरोध खुलाउने सहमति भएको हो ।

**रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस



शीर्ष तहमा एउटा कुरा सदनमा अर्को कुरा गर्ने हुँदा शीर्ष तहको छलफलको औचित्यमाथि नै प्रश्न उठ्छ ।

**हितराज पाण्डे**
माओवादी केन्द्र मुख्य सचेतक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असार ।

प्रतिनिधि सभा बैठक फेरि सरेको छ । आइतवार दिउँसो ३ बजे बस्ने तय भएको बैठक सोमबार दिउँसो ३ बजे बस्नेगरी स्थगित भएको संसद् सचिवालयले जनाएको छ ।

यसअघि आइतार दिउँसो १ बजे बैठक बस्ने तय भएको थियो । तर, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आग्रहमा दिउँसो ३ बजे बस्ने तय गरिएको थियो । यसअघि गत शुक्रवार पनि बैठक बस्दै नबसी आइतवारका लागि सरेको थियो ।

प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्तिलाई लिएर एमालेसहित विपक्षी दलहरुले संसदा अवरोध गर्दै आएका छन् ।

अवरोध खुलाउन आइतबार प्रमुख तीन दलका शीर्ष नेताबीच छलफल भएको थियो । शीर्ष नेताहरूको बैठकपछि बुधवारदेखि जारी प्रतिनिधिसभाको अवरोध हटाउने सहमित भएको थियो ।

नेताहरुका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पहलमा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बसेको बैठकमा संघीय संसदको अवरोध खुलाउन सहमति भएको थियो । सिंहदरबारमा बसेको बैठकमा प्रधानमन्त्री प्रचण्ड, प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सहभागी थिए ।

प्रमुख प्रतिपक्षी दलका नेता ओली आफैँले संसदमा जारी अवरोध खुलाउने सहमति भएको बताएका थिए । नयाँ वानेश्वरस्थित संसद भवन परिसरमा पत्रकारहरुले 'तपाईंहरु (राजीनामाको मागबाट) ब्याक हुनु भएको हो' भनी सोधेको प्रश्नमा ओलीले भनेका छन्, 'भको थियो ।

शीर्ष तहको बैठकपछि एमाले अध्यक्ष ओलीले 'आत्मालोचना गर्छु, माफी माग्छु भनेपछि त्यो सुन्ने कुरा भएको छ' भनी एमालेका केही सिमित नेताहरुलाई समेत बृफिङ गरेका थिए ।

एमाले प्रमुख सचेतक पदम गिरीका अनुसार प्रधानमन्त्रीले आत्मालोचना गरेको अवस्थामा संसदको अवरोध खुल्ने सहमति शीर्ष तहमा भएको थियो । तर, उक्त सहमति आधा घण्टामै उल्टियो ।

ओली आधा घण्टा समेत आफ्नो निर्णयमा आफैं टिक्न नसक्दा संसदमा जारी अवरोध खुल्न नसकेको सत्ता पक्षका नेताहरुको आरोप छ ।

कांग्रेसका प्रमुख सचेतक रमेश लेखक 'उधारो सम्झौता' नहुने बताउँछन् । 'स्पष्टीकरण सुनेपछि पनि अवरोध गर्ने जस्तो उधारो कुरा गरेर हुँदैन । शीर्ष नेताका बीचमा स्पष्टीकरण सुनेर सदनको अवरोध खुलाउने सहमति भएको हो' लेखकले भने ।

माओवादी केन्द्र मुख्य सचेतक हितराज पाण्डले एमालेले आफ्नो बोली फेरेका कारण संसदको अवरोध खुल्न नसकेको बताए । शीर्ष तहमा भएको सहमति जे हो त्यही कार्यान्वयन हुनुपर्ने उनी बताउँछन् । 'शीर्ष तहमा एउटा कुरा सदनमा अर्को कुरा गर्ने हुँदा शीर्ष तहको छलफलको औचित्यमाथि नै प्रश्न उठ्छ' पाण्डेले भने ।

नेताहरुका अनुसार सिंहदरबारबाट सहमति गरेर निस्केको आधा घण्टामै अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्डलाई फोन गरेका थिए । 'प्रधानमन्त्रीलाई फोन गरेर प्रधानमन्त्रीका सल्लाहकार गोविन्द आचार्यले जारी गरेको विज्ञप्ति र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले ट्वीटरमा लेखेको विषयमा अड्को थाप्नुभयो', प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले भने ।

प्रेस सल्लाहकार आचार्यले प्रचण्डको अभिव्यक्तिलाई लिएर प्रेस विज्ञप्ति जारी गरेका थिए भने मन्त्री श्रेष्ठले मिटर ब्याज पीडितलाई राहत दिन ल्याएको अध्यादेश निष्क्रिय बनाउन एमालेले सदन अवरोध र प्रधानमन्त्रीको राजीनामा मागेको बताएका थिए ।

सोही विषयमा ओलीले आचार्यलाई हटाउन र श्रेष्ठलाई माफी मागे मात्रै सहमति कार्यान्वयन हुने अडान राखेका थिए । ओलीले अडान फेरेकै कारण आइतबार दिउँसो ३ बजेका लागि डाकिएको प्रतिनिधि सभा बैठक सोमबार ३ बस्ने गरी सरेको थियो ।

# छायाँमा रास्वपा

नयाँ दलको रुपमा उदाएको रास्वपा संसदीय गतिविधिमा देखा पर्न सकेको छैन । प्रमुख विपक्षी एमालेले खेल्ने भूमिका नै रास्वपाको भूमिका भएको भाष्य स्थापित हुँदै गएकोमा भने सभापति रवि लामिछाने चिन्तित छन् ।



सदन केही नेताको मुडमा चल्ने चिज होइन, सदन जनताप्रति उत्तरदायी हुनुपर्ने हो । जनताले हामीबाट धेरै अपेक्षा गरेका छन् ।

**रवि लामिछाने**
सभापति, रास्वपा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ असार ।

पाँच दिन देखि संघीय संसद चल्न सकेको छैन् । प्रमुख विपक्षी दल नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिएको एउटा अभिव्यक्तिलाई लिएर राजीनामा माग्दै संसद चल्न दिइरहेको छैन् । यस सन्दर्भमा प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको नेतृत्व छलफलमा जुट्दा रास्वपाका सभापति रवि लामिछाने छुटेका छन् । नयाँ दलको रुपमा उदाएको रास्वपा संसदीय समिति गठन देखिका संसदीय गतिविधिमा देखा पर्न सकेको छैन् । प्रमुख विपक्षी एमालेले खेल्ने भूमिका नै रास्वपाको भूमिका भएको भाष्य स्थापित हुँदै गएकोमा भने सभापति रवि लामिछाने चिन्तित छन् ।

आइतबार नयाँ वानेश्वरस्थित संसद भवन परिसरमा पत्रकारहरुसित कुरा गर्दै सभापति लामिछानेले संसद्लाई प्रमुख तीन राजनीतिक दलहरूले आफ्नो सिन्डिकेट बनाउन खोजेको आरोप लगाए । सभापति लामिछानेले तीन राजनीतिक दलहरुका बीचमा सल्लाह मिल्दा संसद् चल्ने र सल्लाह नमिल्दा संसद् नचल्ने भएको भन्दै असन्तुष्टि व्यक्त गरे । उनले दलहरूले पटक-पटक यस्तो गरेको भन्दै अब आफूहरुले नसहने बताए । उनले आपसमा सल्लाह नगरी जुनकुनै मुद्दा संसदमा लिएर आउन आग्रह गरे ।

सभापति लामिछानेले आफूहरु मिटरब्याज पीडितहरुको पक्षमा नरहेको प्रचार गरिएको भन्दै त्यसमा सत्यता नरहेको बताए । आफूहरु मिटरब्याज पीडितको लागि आएको अध्यादेशको पक्षमै रहेको उल्लेख गर्दै उनले अन्तिम दिनमा संसदमा ल्याउनु नै सरकारको गल्ती भएको बताए । उनले आफूहरु संसद सुचारु रुपमा चलोस् र प्रधानमन्त्रीले संसदबाट जवाफ दिनुपर्ने पक्षमा रहेको स्पष्ट पारे ।

सभापति लामिछानेले यसअघिको बैठकमा एमालेका सांसदहरुले बोलेपछि सभामुखले आफूहरुलाई बोल्न नदिएर सबै प्रतिपक्षको आवाज नै त्यही हो भन्ने भाष्य निर्माण गरिएको बताए । उनले रास्वपाको आफ्नै अडान र मुद्दाहरु रहेको उल्लेख गर्दै त्यसमा आफूहरु अडिग रहेको बताए ।

## 'एमालेको पक्षमा रास्वपा छैन'

रास्वपा सभापति लामिछाने संसदमा एउटा दल मात्रै प्रतिपक्षीमा नरहेको बताउँछन् । प्रतिपक्षी दलहरुका मान्यता, प्राथमिकता र पृष्ठभूमि फरक फरक रहेको बताउँछन् । यस आधारमा सबै प्रतिपक्षी दलहरुको आवाज फरक फरक हुने उनको भनाइ छ ।

तथापि, प्रतिपक्षी दलहरुका विषयमा साझा विषय हुन सक्ने उनको भनाइ छ । यसबारे उनको ब्याख्या छ, 'प्रतिपक्षहरुबीच साझा विषयहरु हुन सक्छन् । त्यसको पनि केही ठाउँहरु हुन्छन् । त्यसमा आ आफ्नो ब्याख्याहरु हुन्छन् । तर, हामीलाई त्यस(प्रधानमन्त्रीको अभिव्यक्तिबारे बोल्ने) कुनै अवसरै दिइएन ।'

प्रतिपक्षमा रहेको भएतापनि एमालेसँग रहेको रुपमा नबुझन उनको आग्रह छ । रास्वपा सभापति लामिछाने प्रश्न गर्छन, ' प्रधानमन्त्रीको अभिव्यक्तिको विषयमा कहाँनेर हामी एमालेसँग छौं ?' प्रधानमन्त्रीको अभिव्यक्तिका सन्दर्भमा रास्वपाले स्पष्टीकरण माग गर्दै आएको छ । यस विषयमा एमालेले राजीनामा नै माग गरेर संसद चल्न दिइरहेको छैन ।

पृष्ठ २ मा


## वैदेशिक रोजगार विशेष

### एयरपोर्ट अध्यागमनका केही भ्रष्टको धन्दा

# सेटिङमा खुरु-खुरु, नमिले अवरोध

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारका लागि जोर्डन हिँडेका १५ जना नेपाली कामदारलाई प्रष्ट कारण र आधार बिना फर्काएको छ । फर्काइएकामा १४ जना महिला र एक जना पुरूष कामदार रहेका छन् ।



राजधानीको चण्डोलमा कार्यालय रहेको एससीसी म्यानपावर कम्पनी प्रा.लि.ले वैदेशिक रोजगार विभागबाट सबै प्रक्रिया पूरा गरी जोर्डनको प्रतिष्ठित बहुराष्ट्रिय कम्पनी मास क्रेडा अल सफीमा काम गर्न पठाएका उनीहरूलाई अध्यागमन कर्मचारीले कामदार भिसा नदेखिएको दाबी गर्दै फिर्ता पठाएको हो । आइतबार बिहान १० बजे एयर अरेबियाको उडानबाट जान लागेका उनीहरुलाई फर्काइएको हो ।

अध्यागमन कार्यालयले बाटुली बि.क., अनिता विश्वकर्मा, मञ्जु कामी, रत्नकाली घर्तीमगर, तुलसा कुँवर, विना तामाङ, अमनी तिरुवा, अर्पणा सुनुवार, रेनुका विश्वकर्मा, मञ्जु कामी, सुनिता दोङ, सृष्टी कोइराला सार्की, सुस्मिता बि.क., लक्ष्मी श्रेष्ठ, सबिना राई र रोहितराज भट्टलाई फर्काएको हो ।

मध्यान्ह दैनिकलाई प्राप्त सुनिता दोङलाई अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली तथा अध्यागमन कार्यविधि २०६५ अनुसार अध्यागमन अनुमति नदिएको पत्रमा जोर्डन काम गर्न जान लागेका

पृष्ठ २ मा

## एनआरएनएले सीपमूलक तालिम दिने

**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्गतको व्यावसायिक तालिम समितिले व्यावसायिक सीपयुक्त दक्ष जनशक्ति उत्पादनका लागि तालिम सञ्चालन गर्ने भएको छ ।

संघको बालुवाटारस्थित सचिवालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा समितिका संयोजक तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्का उपमहासचिव गणेश केसीले स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारको मागअनुसारको सीपको अभावमा वैदेशिक रोजगारी तथा अध्ययनका लागि विदेश जाने नेपाली युवायुवती रोजगारबाट विमुख भई मानसिक तनावमा पर्ने अवस्था देखिएकाले त्यसलाई निराकरण गर्न तालिम सञ्चालन गर्न लागिएको जानकारी दिए । दक्ष जनशक्तिले राम्रो आर्जन गर्ने भएकाले सीपमूलक

पृष्ठ २ मा

# अर्का बहालवाला सचिव पक्राउ

ललिता निवास जग्गा हिनामिना प्रकरणमा संलग्न भएको आरोपमा सञ्चार मन्त्रालयका सचिव कृष्णबहादुर राउत आइतबार पक्राउ परेका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ असार ।

ललित निवास जग्गा प्रकरणमा बहालवाला सचिव कृष्णबहादुर राउत पक्राउ परेका छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राउतलाई आइतबार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले पक्राउ गरेको हो ।

राउतलाई भौतिक पूर्वाधार मन्त्रालयको शाखा अधिकृत हुँदा नक्कली मोहीलाई ललिता नविासको जग्गा दिने निर्णय गर्न टिप्पणी उठाएका थिए । त्यही प्रमाणका आधारमा सचिव राउतलाई थप अनुन्धान गर्न पक्राउ गरिएको प्रहरीले जनाएको छ । स्रोतका अनुसार, सचिव राउतले उपत्यका छोड्ने तयारी



गरेको सूचना प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो ।

उनी विराटनगर जाने तयारीमा थिए । बोर्डिङ पास समेत लिइसकेका सचिव राउतलाई प्रहरीले विमानस्थलबाटै पक्राउ गरिएको छ । यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवास जग्गा हिनामिना प्रकरणमा

पृष्ठ २ मा

## शंकामा तानिइन् आरजु !



**काठमाडौं/मस-** नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणा पनि जोडिन पुगेकी छन् । आइतबार नेपाल प्रहरीले शरणार्थी प्रकरणमा आरजुको नाम जोडेर बोलिएको स्वर

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२५ असार २०८०, सोमबार
10 July 2023, Monday

# ‘मिटरब्याज पीडितलाई न्याय दिलाइ छाड्छौं’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याजबाट पीडितलाई सरकारले न्याय दिलाएरै छाड्ने बताएका छन् ।

नयाँ बानेश्वरमा आइतबार मिटरब्याजबाट पीडितहरुको धर्नास्थल पुगेर सम्बोधन गर्दै उनले पीडितलाई न्याय दिलाउने विश्वास दिलाए ।

उनले भने, ‘तपाईंहरुलाई म आश्वास्त बनाउन चाहन्छु की मिटरब्याजबाट पीडितलाई न्याय प्रदान गरी छाड्छौं । मिटरब्याजबाट पीडितलाई न्याय दिलाउने काम कुनै पनि हालतमा रोकिने छैन ।’ उनले पीडकहरुको विरुद्ध पीडितलाई न्याय दिनका निम्ति सरकारले मिटरब्याजीसम्बन्धी अध्यादेश ल्याएको र अध्यादेशको निश्चित अवधि भएको हुनाले कानून बनाउनका लागि संसदमा प्रस्तुत भएको तर पारित हुन



नसकेको भन्दै विधेयक चाडै अगाडि बढाउने विश्वास व्यक्त गरे । उनले भने, ‘विधेयक संसद्मा छ, अस्वीकार भएको हैन । विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढाइनेछ, कानुन बनाइनेछ । तपाईंहरुको न्याय प्राप्तिको आन्दोलनलाई कुनै पनि हालतमा पूरा नगरिकन छोडिनै छैन, ढुक्क हुनुहोस् ।’

उपप्रधानमन्त्री श्रेष्ठले अध्यादेश जारी गर्नुभन्दा अगाडि नै सरकारले मिटरब्याजी पीडितको माग सम्बोधन गर्न मिटब्याजसम्बन्धी छानबिन गर्न आयोग गठन गरेको स्मरण गर्दै आयोगको काम नरोकिने बताए । उनले हरेक जिल्ला प्रशासन कार्यालयमा सरकारी वकिलहरु र पीडितका प्रतिनिधिहरु संलग्न रहेको सहजीकरण समितिले अहिले पनि कार्य जारी रहेको जानकारी दिए ।

उनले भने, ‘विधेयक प्रस्तुत भएको छ, त्यसले अध्यादेश अन्त्य हुने दिनमा नै कानुनको रुप लिएको भए राम्रो हुन्थ्यो भन्ने हाम्रो भनाइ हो । तर, त्यसो नभए पनि हामीले कानुन बनाउने प्रक्रियालाई जारी राख्नेछौं र संसद्ले कानुन बनाउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं, तपाईंहरु पनि विश्वस्त हुनुहोस् ।’ उनका अनुसार आयोगमा करिब २५ हजार उजुरी परेका छन् । ती उजुरीमाथि छानबिनको प्रक्रिया अघि बढेको छ । अहिले करिब एक हजार पाँच सय उजुरीमाथि छानबिन भएर पीडितको पक्षमा फैसला भइसकेको छ । कतिपय मिटर ब्याजीले कब्जा गरेको घर, जमिन पीडितलाई फिर्ता गरिसकेका छन् ।

# ‘जातीय छुवाछूत र विभेद अनुगमन तथा उन्मुलन समिति’ बनाउन माग



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

‘संयुक्त राजनीतिक दलित संघर्ष समितिले ‘जातीय छुवाछूत र विभेद अनुगमन तथा उन्मुलन समिति’ बनाउन माग गरेको छ ।

समितिले आइतबार उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई एक ज्ञापनपत्र बुझाउँदै गृहमन्त्रीको नेतृत्वमा केन्द्रमा र प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लामा दलित संगठनहरू, पत्रकार महासंघ र मानवअधिकारवादी समेतको प्रतिनिधित्व हुने गरी ‘जातीय छुवाछूत र विभेद अनुगमन तथा उन्मुलन समिति’ बनाउन माग गरेको हो ।

दलित समुदायमाथि बढ्दै गएको हिंसाविरुद्ध उचित प्रशासनिक पहल लिन पनि समितिले माग गरेको छ । तातोपानी गाउँपालिका-४, जुम्लामा अन्तरजातीय प्रेम विवाह गरेको आरोपमा दलित समुदायका मुकुन्द नेपालीको घरमा आगजनी हुनु, आरुघाट, गोरखाका सन्तोष नेपालीलाई अन्तरजातीय विवाहकै कारण जबरजस्ति करणी मुद्दामा फसाइनु, भगवापुर, सिरहामा दलितहरू माथि धम्की र कुटपिट जारी रहनु तथा बैतडी, कास्की, रुपन्देही, दाङ लगायतका जिल्लामा श्रीङखलाबद्ध भेदभावका घटना भैरहनुले संविधान र कानुनको उपहास भएको जनाउँदै संघर्ष समितिले उपप्रधानमन्त्री श्रेष्ठको ध्यानाकर्षण गराएको हो ।

ज्ञापन पत्रमा भनिएको छ, ‘अन्तरजातीय प्रेम र विवाह बढ्दै जाँदा त्यसलाई बालविवाह, अपहरण र जबरजस्त करणी नाममा दलितहरूलाई फसाउने आपराधिक काम हुँदै आएको छ। तसर्थ प्रशासन र न्यायिक क्षेत्रले अन्तरजातीय प्रेम र विवाहलाई जातीय विभेद र उत्पीडनको संवेदनशीलताबाट बुझ्न जरुरी छ ।’

जातीय छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ लाई संशोधन गरी पीडकलाई कम्तीमा पाँच वर्ष जेलसजाय हुनुपर्ने तथा उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने माग समेत संघर्ष समितिले गरेको छ । दलित समुदायका सेवाग्राहीलाई सहयोग र सहजीकरण गर्न जिल्ला प्रशासन कार्यालयमा ’दलित सहयोग डेस्क’ स्थापन गर्न र जातका आधारमा होइन थरका आधारमा नागरिकता लिन पाउने अधिकार निश्चित गर्न समेत माग गरिएको छ ।

कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी लगायतका पार्टी सम्बद्ध दलित संगठनका अध्यक्ष एवम् प्रतिनिधिहरू र बहालवाला तथा पूर्व सांसदहरू सहितको टोलीले संयुक्त हस्ताक्षर गरेर ज्ञापनपत्र बुझाएको हो । त्यसक्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले सबै मागहरू जायज भएको र त्यसलाई प्राथमिकतापूर्वक सम्बोधन गरिने बताए ।

## एमालेको...

अनय धेरै विषयमा एमाले र रास्वपा फरक फरक ठाउँमा रहेको पनि उनको जिकिर छ । ‘एमालेको उम्मेदवार राष्ट्रपतिमा हुनुहुन्थ्यो, हामीले भोट हाल्यौं त ? हालेनौं । एमालेको उम्मेदवार उपराष्ट्रपति हुनुहुन्थ्यो । हामीले भोट हाल्यौं त ? हालेनौं । हामी कहाँनेर एमालेको ठाउँमा छौं ?’

सरकारलाई समेत गुण र दोषका आधारमा समर्थन र खबरदारी गर्दै आएको सभापति लामिछानेको भनाइ छ । सरकारले भ्रष्टाचारीहरुलाई समात्न थालेपछि समर्थन गरेको उल्लेख गर्दै उनी थप्छन्, ‘संसदको मर्यादालाई, गरिमालाई जोगाउनुपर्ने हुन्छ । यसका लागि सबै (सभामुख र राजनीतिक दलहरु) जिम्मेवार हुनुपर्छ ।’

संसदमा जारी रहेको अवरोध खुलाउने विषयमा सभामुखसँग कुरा गर्न नपाएको पनि उनको गूनासो छ ।

## सेटिङमा...

निजहरूको वर्किङ भिसा नदेखिएको र मिनिष्ट्री अफ इन्भेष्टमेन्टले भिसा जारी गर्ने निकायलाई भिसा रिन्यूका लागि अनुरोध गरिएको पत्र मात्र भएकाले प्रस्थान दिन नसकिएको उल्लेख छ । जबकि १५ मध्ये ६ जना अध्यागमनको सबै प्रक्रिया पूरा गरेर जहाज चढ्ने तयारीमा थिए । ती ६ जनामध्ये अध्यागमनले ‘डिपार्चर्ड’को छाप लगाएको राहदानीको प्रतिलिपि मध्यान्हलाई प्राप्त भएको छ ।

अन्तर्राष्ट्रिय उडान प्रचलनअनुसार अध्यागमन प्रक्रिया पूरा गरेपछि उक्त यात्रु सम्बन्धित एयरलाइन्सको जिम्मामा हुने प्रावधान रहेको छ । तर अध्यागमन कर्मचारीले उक्त प्रचलनको समेत बेवास्ता गर्दै उनीहरूलाई फर्काएको म्यानपावर कम्पनीको भनाइ छ ।

जोर्डनको उक्त गार्मेन्ट कम्पनीबाट एससीसी म्यानपावर कम्पनीले लिएका ७० जना कामदारको डिमाण्डमध्ये यसअघि ४० जना सहजरूपमा जोर्डन पुगेको कम्पनीका सञ्चालक अबुल शाहले मध्यान्हलाई बताए ।

व्यवसायी शाहका अनुसार उनीहरू शून्य लागतको छनोट प्रक्रियाअन्तर्गत जोर्डनको रोजगारीमा छनोट भएका हुन् । उनीहरुको सेवा शुल्क, भिसा, टिकट, स्वास्थ्य परीक्षणलगायत खर्च रोजगारदाता कम्पनीले व्यहोरेको थियो । अन्तर्वार्तामा छनोट भएपछि उनीहरूलाई म्यानपावर कम्पनीले एक महिना राजधानीको एक होष्टलमा राखेर प्रस्थानदेखि रोजगारीसम्मका सबै तालिम दिएको थियो ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको २०७२ सालको निर्देशनपछि सरकारले महिला कामदार जाने घरेलु कामदारको श्रम स्वीकृति रोकिएको छ । तर हालै ओमानको राजधानी मस्कटमा आयोजित गैरआवासीय नेपाली संघको क्षेत्रीय सम्मेलनमा भाग लिन गएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले संयुक्त अरब इमिरेट्स (यूएई), कुवेतलगायत खाडीका मुलुकमा करिब २० हजारभन्दा बढी महिला श्रमिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै गएको सूचना प्राप्त भएको बताएका छन् । यतिसम्म कि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मन्त्री भण्डारी चढेको विमानमा पनि दर्जनौं महिला कामदार गएका थिए । उनीहरू सेटिङका आधारमा अध्यागमन कर्मचारीलाई मोटो रकम बुझाएर गएको धेरैको अनुमान छ ।

स्वदेश फर्केपछि मन्त्री भण्डारीले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं स्थापना दिवसका अवसरमा घरेलु कामदारको मामिलामा ठूलो समूहको आर्थिक स्वार्थ रहेको बताएका थिए । सेटिङका आधारमा महिला कामदार पठाउँदै आएका अध्यागमन कर्मचारीले वैदेशिक रोजगार ऐनको प्रक्रिया पूरा गरेका महिला त्यो पनि घरेलु काममा नभै बहुप्रतिष्ठित गार्मेण्ट कम्पनीको काममा जाँदा सेटिङमा जस्तो मोटो रकम नपाउने भएपछि कामदार रोकेर आफूहरूलाई तर्साएर बार्गेनिङ गरी कमाउन खोजेको वैदेशिक रोजगार व्यवसायीहरुले टिप्पणी गरेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले अध्यागमन विभागका कर्मचारीले जानाजान दुःख दिएर व्यवसायीहरुलाई आतंकित बनाएको भन्दै श्रम स्वीकृति पाएका कामदार बिना कारण फर्काउनु गम्भीर विषय भएको बताए । उनले यस विषयमा तत्कालै उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर ध्यानाकर्षण गराउने बताए । उनले भने, ‘जोर्डनको पेपर भिसा हुने र त्यो अनलाइनमा नदेखिने भएकाले त्यहाँको परराष्ट्र मन्त्रालयले प्रमाणीकरण गरेको भिसा श्रमिकको साथमा हुने कुरालाई अध्यागमन कर्मचारीले प्रष्टरूपमा जान्दाजान्दै कामदार रोक्नु प्राप्त अख्तियारीको प्रष्ट उल्लंघन हो ।’ अध्यक्ष भण्डारीले यस विषयमा अध्यागमन विभागका महानिर्देशकसँग समेत छलफल गर्ने बताए ।

म्यानपावर कम्पनी सञ्चालक शाहले सबै प्रक्रिया पूरा गरेका कामदारलाई बिना कारण फर्काउँदा उनीहरूलाई कम्पनीको तर्फबाट प्राप्त जहाज टिकट खेर गएको र कम्पनीलाई तोकिएको समयमा कामदार पठाउन नपाउँदा आर्थिक क्षति र व्यावसायिक विश्वसनीयतामा नै प्रश्न उठ्न पुगेको बताए । उनले जोर्डन जाने सबै १५ जनाको टिकट अध्यागमन अधिकारीहरूले भर्नुपर्ने र कर्मचारीहरुको गल्तीको कारणले कामदार तोकिएको सेड्युलमा नेपालबाट उड्न नसकेको पत्र कम्पनीलाई पठाइदिनुपर्ने माग गरेका छन् ।

वैदेशिक रोजगारका लागि सबै प्रक्रिया पूरा गरी जोर्डन हिँडेका १५ जना नेपाली कामदार फर्काउने काम वैदेशिक रोजगार विभागले अटोमेसनका आधारमा श्रम स्वीकृति दिने सबै तयारी पूरा गरेको पूर्व सन्ध्यामा भएको छ । विभागले जारी गरेको श्रम स्वीकृतिलाई खुलारूपमा अनादर गर्ने अध्यागमन कर्मचारीले अटोमेसनका आधारमा म्यानपावर स्वयम्बाटै हुने श्रम स्वीकृतिमा अनावश्यक मोलतोल गर्ने प्रवृत्ति व्यापक हुने र त्यसको संकेत वैदेशिक रोजगारका लागि जोर्डन हिँडेका १५ जना नेपाली कामदारलाई फर्काएको घटनाले प्रष्टरूपमा दिएको एक व्यवसायी बताउँछन् । यो घटनालाई वैदेशिक रोजगार विभागले समेत गम्भीररुपमा लिएको बुझिएको छ । अध्यागमनका कर्मचारीले वैदेशिक रोजगार कार्यालयका कर्मचारीको स्वीकृतिलाई अस्वीकार गरेको घटनाको रुपमा विभागले लिएको बताइएको छ । एक सुत्रका अनुसार विभागका महानिर्देशक मदन दाहालले अध्यागमनको गम्भीर त्रुटिबारे माथिल्लो निकायमासमेत जानकारी गराएका छन् । यसबारे सोमबार १० बजेपछि अध्यागमन कार्यालयमा सम्बन्धित पक्षहरुलाई बोलाएर छलफल गर्ने विभागको तयारी छ ।

# मुख्यमन्त्री थापाको नियुक्तिविरुद्ध परेको रिटमा भएन सुनुवाइ



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाको नियुक्तिलाई लिएर सर्वोच्चमा परेको मुद्दा आइतबार हेर्न नभ्याइनेमा परेको छ । गत बिहीबार थापालाई प्रदेश प्रमुख पर्शुराम खापुङले मुख्यमन्त्रीमा नियुक्त गरेका थिए ।

प्रदेश सभाका सभामुख बाबुराम गौतमकोसमेत हस्ताक्षर प्रयोग गरी बहुमत पुऱ्याएर मुख्यमन्त्री नियुक्त भएपछि निवर्तमान मुख्यमन्त्री हिक्मत बहादुर कार्कीले सर्वोच्चमा वारेसमार्फत रिट दर्ता गराएका हुन् । उक्त मुद्दामा प्रारम्भिक सुनुवाईका लागि आनन्दमोहन भट्टराईको एकल इजलासमा परेको उक्त मुद्दा हेर्न नभ्याइनेमा परेको हो । रिट निवेदनमा नेकपा एमालेका तर्फबाट कोशी प्रदेशमा संसदीय दलका नेतासमेत रहेका कार्कीले नवनिर्वाचित मुख्यमन्त्री, प्रदेश प्रमुख पर्शुराम खापुङ र सभामुख बाबुराम गौतमलाई विपक्षी बनाइएको छ ।

कार्कीले संविधानको धारा १६८ (२) बमोजिम सरकार गठन गर्दा सभामुखलाई समेत समावेश गरिनु संविधान विपरीतको कार्य भएको दाबी गरेका छन् । त्यसैले मुख्यमन्त्रीको नियुक्ति बदर गरी धारा १६८ को उपधारा ३ बमोजिम प्रदेशसभामा सबैभन्दा ठुलो दलको संसदीय दलको नेताको हैसियतमा आफूलाई मुख्यमन्त्री नियुक्तिको लागि उनले परमादेश माग गरेका छन् ।

## ‘सर्वोच्चको निर्णयलाई सरकारले स्वीकार्छ’

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सर्वोच्च अदालतको निर्णय सरकारले स्वीकार गर्ने बताएका छन् । कोशी प्रदेशको मन्त्रिमण्डल विस्तारपश्चात् सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले नेकपा (एमाले) प्रदेश सरकार गठनका विरुद्धमा शुक्रबार सर्वोच्चमा दायर गरेको मुद्दामा अदालतबाट आउने जुनसुकै निर्णयलाई स्वीकार गर्ने प्रस्ट पारे ।

मुख्यमन्त्री थापाले प्रदेशमा साउन १ गतेदेखि लागू गर्नुपर्ने बजेटको अवस्थालाई हेरर मन्त्रिमण्डल विस्तार गर्न हतारिएको बताए । प्रदेशको बजेटसम्बन्धी सम्पूर्ण कार्य अर्थसँग जोडिएकाले आर्थिक मामिलामन्त्री नियुक्ति गरेको बताउँदै उनले अर्थसँग जोडिएका कार्यलाई निकास दिनु सरकारको महत्त्वपूर्ण कार्य भएको धारणा राखे । मुख्यमन्त्री थापाले प्रदेशमा गठबन्धन दलहरूबीच मन्त्रिमण्डल गठनमा सहमति रहेको र यसमा कुनै विवाद छैन भन्दै नेकां दुई, नेकपा (मोओवादी केन्द्र) दुई, नेकपा (एकीकृत समाजवादवादी) एक, समाजवादी पार्टी नेपालले एकजना मन्त्री पठाउने निर्णय भएको जानकारी दिए । उनले वर्तमान सरकारले ३० दिनभित्र विश्वासको मत लिनुका साथै सोही अवधिमा मन्त्रिमण्डललाई पूर्णता दिने बताए ।

## एनआरएनएले...

कार्यक्रम सञ्चालन गर्ने योजना अघि सारेको जानकारी दिँदै उनले सरकारका सम्बन्धित निकायबाट अनुमति लिएर संघ, प्रदेश र स्थानीय निकायहरुसँग समेत समन्वय गरी तालिम सञ्चालन गर्ने योजना बनाएको बताए ।

समितिले कुक, बेकरी, बारिस्टा, फ्रन्ट अफिस, बार टेण्डर, हाउस किपिङ, एज केयरिङ, बुचरी, मोटर मेकानिक्स, स्पा, हेयर ड्रेसिङ, ब्युटिसियन, इलेक्ट्रोनिक्स गुड्स रिपेरिङ, इलेक्ट्रिसियनजस्ता सीपमूलक एवम् प्राविधिक तालिम दिने व्यवस्था गर्ने बताएको छ ।

संघका अध्यक्ष कुल आचार्यले हालै ओमानको राजधानी मस्कटमा सम्पन्न क्षेत्रीय सम्मेलनको भावनाअनुसार युवायुवती लक्षित सीप तथा तालिमको कार्यक्रम अघि बढाइएको जानकारी दिए । अध्यक्ष आचार्यले अन्तर्राष्ट्रिय श्रम बजारमा बढ्दो दक्ष जनशक्तिको माग सम्बोधन गर्न व्यावसायिक तालिम अनिवार्य देखिएको भन्दै दक्षता अभिवृद्धिका लागि शुरु गर्न लागिएको यो कार्यक्रम निकै महत्वपूर्ण रहेको बताए ।संयोजक केसीले दक्ष जनशक्ति उत्पादनमा जोड दिने जानकारी दिँदै उच्च सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको अवसरलाई बढावा दिने योजना कमिटीले अघि सारेको बताए ।

## अर्का..

राउतको संलग्नता उल्लेख गरेको थिएन । १७६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर हुँदा नपरेका सचिव राउत पक्राउ परेसँगै बाँकी १६ जना पनि अनुसन्धानको घेरामा पर्ने देखिएको छ ।

ललिता निवास जग्गा हिनामिना प्रकरणमा अरु पाँच जना पूर्व सचिवविरुद्ध पनि पक्राउ पूर्जी जारी भएको छ । नीतिगत निर्णयमा संलग्न रहेको आरोपमा पूर्वसचिवहरु युवराज भुसाल, दीप बस्न्यात, छविराज पन्त, दिनेशहरि अधिकारी र नारायण मलेगोविरुद्ध पक्राउ पूर्जी जारी भएको छ । यो प्रकरणमा प्रहरीले संगठित अपराध निवास ऐन बमोजिम अनुसन्धान गरिरहेको छ । जसमा १७ जना पूर्व सचिवसहित अरु कर्मचारीहरु छन् ।

यो प्रकरणमा प्रहरीले भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्व निर्वाचन आयुक्त सुधीरकुमार शाह, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन कर्मचारी गोपाल कार्की र धर्मप्रसाद गौतमलाई पक्राउ गरिसकेको छ । यस्तै समरगञ्ज कम्पनीका तत्कालीन अधिकृत रमेशकुमार पोखरेल, नक्कली मोही बनेका देवनारायण महर्जन, काठमाडौं महानगरका बहालवाला अधिकृत शिवजी भट्टराई, नक्कली मोही बाबुराजा महर्जन, तत्कालीन नापी अधिकृत घमनकुमार कार्की पक्राउ परिसकेका छन् ।

# ‘लामुखट्टेको बासस्थान खोज र नष्ट गर’ अभियान सञ्चालन गरिँदै

**काठमाडौं/मस-** काठमाडौं उपत्यकाका स्थानीय तहले ‘लामुखट्टेको बासस्थान खोज र नष्ट गर’ अभियान सञ्चालन गर्ने भएका छन् ।




इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले डेंगुको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय तहका प्रमुख र उपप्रमुख तथा स्वास्थ्य विभागका प्रमुखसँग गरेको छलफलमा चार महिनासम्म उक्त अभियान सञ्चालन गरिने महाशाखाका किटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा.गोकर्ण दाहालले जानकारी दिए ।

स्थानीय तहले प्रत्येक हप्ता टोल-टोलमा गएर पानी जम्ने सम्भावना भएको ठाउँ खोजी गरी नष्ट गर्नेछन् । महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले महाशाखाबाट उपत्यकाका सबै स्थानीय तहलाई रोकथाम र नियन्त्रण गर्न आग्रह गर्दै यसका लागि आवश्यक सहयोग उपलब्धसमेत गरइने जानकारी दिए ।

बूढानीलकण्ठ नगरपालिकका प्रमुख मिठाराम अधिकारीले लामखुट्टे खोज्न र नष्ट गर अभियान चाँडै नै सञ्चालन गरिने बताए । उनले पालिकाभित्रका गाउँ टोलमा पनि डेङ्गु नियन्त्रण तथा रोकथामका लागि सचेतना अभियानसमेत सञ्चालन गरिने उल्लेख गरे ।

पानीपरेसँगै जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्ने भएकोले डेङ्गुको जोखिमसमेत बढ्दै आएको छ । महाशाखाका अनुसार काठमाडौंमा ४६ ललितपुरमा १२ भक्तपुरमा ३५ जना डेङ्गुका बिरामी भेटिएका छन् । सन् २०२३ यता अहिलेसम्म एक हजार २४ मानिस डेङ्गुका कारणले बिरामी हुनाका साथै सुनसरीमा एक जनाको ज्यान गएको छ ।

पानी जम्ने सफा ठाउँमा ‘एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्दछ । डेङ्गुले गर्दा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्नेजस्ता लक्षण देखा पर्दछ ।

लामखुट्टेबाट बच्न सधैं झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन र घरको झ्याल तथा ढोकामा जाली हाल्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ । सन् २०२२ मा ५४ हजार छ सय ३० जनामा डेंगु देखिएको र यसबाट ८८ जनाको ज्यान गइसकेको छ । नेपालमा पहिलो पटक सन २००४ मा एक जनामा डेंगु देखिएको थियो ।

# घरेलु मदिरालाई ‘ब्राण्डिङ’ गरिँदै

**ओखलढुंगा/मस-** ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिकाले घरेलु मदिरालाई ‘ब्राण्डिङ’ गर्ने भएको छ । गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा घरेलु मदिरालाई ब्रान्डिङ गर्ने कार्यक्रम ल्याएको छ ।

घरेलु लोकल रक्सीको बजारीकरणका लागि कानुन निर्माण गर्दै यसलाई ब्राण्डिङ गर्ने नीति तथा कार्यक्रम ल्याइएको गाउँपालिका अध्यक्ष ज्ञानेन्द्र रुम्दालीले बताए । घरेलु मदिरालाई ‘ब्याण्ड (प्रतिबन्ध) होइन ब्राण्ड’ बनाइनुपर्ने अवधारणाअनुसार आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा मौलिक संस्कृति तथा परम्परागत सीपसँग जोडिएका घरेलु उत्पादनको स्तरीकरण, ब्राण्डिङ गर्ने योजना समावेश गरिएको गाउँपालिका अध्यक्ष रुम्दालीको भनाइ छ ।

## शंकामा ...

प्रहरी थुनामा रहेका सन्देश शर्मासँग मिलेको छ ।

आरजुले नक्कली शरणा बनाउने प्रकरणमा आफ्नो नाम जोड्ने व्यक्तिको खोजी गर्न निवेदन दिएकी थिइन् । त्यस निवेदन उपर अनुसन्धान गर्दा नक्कली शरणार्थी प्रकरणमा संलग्न भएको आरोपमा प्रहरी थुनामा रहेका दाङका शर्मासँग मिलेको हो । प्रहरीले बक्तव्य जारी गरेरै उक्त स्वर थुनामा रहेका शर्मासँग मिलेको जानकारी दिएको छ ।

‘... जुन स्वर जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा ठगी तथा संगठित अपराध कसुर मुद्दा अनुसन्धानमा रहेका तुल्सीपुर उपमहानगर पालिका १६ दाङ घर भएका वर्ष ३४ को सन्देश शर्माको कन्ट्रोल स्याम्पलसँग मेल खाएको ...’ प्रहरी बक्तव्यमा उल्लेख छ । तर कहाँ र कसबाट अर्जिनेट भएको भन्ने सम्बन्धमा टिकटक सिंगापुरलाई पत्राचार गरिएको पनि प्रहरीले जानकारी दिएको छ ।

यो प्रकरणमा पूर्व उपप्रधानमन्त्री टोपबहादर रायमाझी, पूर्व गृहमन्त्री बालकृष्ण खाँण, बहालवाला सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई लगायत थुनामा छन् । यो प्रकरणमा आरजु राणा पनि जोडिएको अडियो सार्वजनिक भएको थियो । तर उक्त अडियोको खण्डन गर्दै आएकी आरजुले प्रहरीमा निवेदन दिएकी थिइन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०९/०६ मा दर्ता भएको **प्रा.लि. नं. १८०२६३** को **स्काइ सलुसन नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एनआरएनए एनसीसी कतार

# सुल्झिन सकेन आर्थिक अनियमितताको विषय

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २४ असार

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारका केही पदाधिकारीमाथि लागेको आर्थिक दुरुपयोगको आरोप झन् चर्कँदै गएको छ। केही दिन पहिले संघका प्रमुख सल्लाहकार उत्तम गुरुङले लगाएको आरोपमाथि बहस बाजी चर्कँदै गएको हो।

संघका अध्यक्षले महासचिव र कोषाध्यक्षसँगको मिलेमतोमा कोषको रकमको दुरुपयोग गर्दै एक रात्रिकालीन क्लबमा लगानी गरेको, २०२३/२५ कार्यकालका लागि खोलिएको पञ्जीकृत सदस्यतामा पनि अनियमितता भएको आरोप गुरुङले लगाएका थिए। गुरुङका आरोप उपर संघको एघारौं पूर्ण मासिक बैठकमा छलफल गरी आरोप निराधार रहेको प्रमाणित भएको संघका कोषाध्यक्ष विनोद बर्सौलाद्वारा जारी वक्तव्यमा उल्लेख छ।

वक्तव्यमा विषय उठान गर्ने स्वयम् प्रमुख सल्लाहकारको उपस्थितिमै सम्पन्न बैठकमा एनसीसीको कोष कहीँ कतै दुरुपयोग नभएको र बाहिर आशंका गरिए जस्तो दुरुपयोग गरी व्यक्तिगत लाभ लिने काम नभएको स्पष्ट पारिएको छ।

त्यस्तै महासचिव पदम गिरिले पनि संघसंस्था समन्वय ग्रुपमा आफ्नो वक्तव्य जारी गर्दै आफ्नो कतारमा कुनै व्यवसायिक साझेदारी नभएको, कोषको पैसा चलाउन कोषाध्यक्ष र अध्यक्षलाई कहिल्यै प्रभाव नपारेको स्पष्ट पारेका छन्।

उनले जुन समयमा लगानी गरिएको भन्ने विषय आएको छ त्यो समयमा गुरुङ पनि संघमा प्रथम उपाध्यक्ष रहेको र हालको अध्यक्षको लगानी भएको क्लबमा आफूहरुलाई पनि साझेदारी बन्नका लागि सुरुवाती समयमा प्रस्ताव आएपनि आर्थिक अभावका कारण लगानी गर्न नसकिएको बताएका छन्। यता प्रमुख सल्लाहकार गुरुङले भने क्लबमा एनसीसीका अध्यक्ष मोहमद मुक्तदाले कोषको पैसा लगानी गरेको बताएका छन्। उनले आफूहरू चार जना बसेर कोषको पैसा हाल्ने र अध्यक्षले कोषको पैसा निकाल्न सहजीकरण गरे बापत महासचिव र कोषाध्यक्षलाई पाँच/पाँच प्रतिशत हिस्सा दिने मौखिक सहमति गरी पैसा लिएको हुँदा आफू कोषको रकम दुरुपयोगमा साक्षी नभई प्रमाण भएको दाबी गरेका छन्।

उनले सन् २०१९ देखि वर्तमान समयसम्मको सबै बैंक स्टेटमेन्ट सार्वजनिक गरे सबै छर्लङ्ग देखिने दाबी गरेका छन्। गुरुङले मासिक बैठकमा कुनैपनि सहमति या आफूले गरेको दाबी उपर कुनै निर्णय नभएको मध्यान्हसँग बताए। यस आरोप-प्रत्यारोप र बैठकका बारेमा थप बुझ्न संघका प्रवक्ता सन्तोष क्षेत्रीलाई सम्पर्क गर्दा उनले आर्थिक अपचलनका उपर कार्यसमिति बैठकमा गम्भीर रूपमा छलफल भएको र दुवै पक्षले आफ्ना कुरा राखेको बताए। छलफलमा प्रमुख सल्लाहकार गुरुङले अध्यक्ष, महासचिव र कोषाध्यक्ष उही भएकोले सन् २०१९-२०२१ कार्यकाल देखिकै बैंक स्टेटमेन्टको माग गरे पनि अध्यक्षले भने परिषद् भेलाले पास गरेर सकिएको पछिल्लो कार्यकालको स्टेटमेन्ट माग्दा सन् २००३ देखिकै स्टेटमेन्ट कसैले माग्दा समस्या हुने हुँदा वर्तमान २०२१/२३ कार्यकाल भरीको बैंक स्टेटमेन्ट जुलाई २८ मा हुने संघको महाधिवेशनसम्म पेस गर्ने निर्णय भएको बताए। बैंक स्टेटमेन्टले आर्थिक तथ्य बोल्ने र अर्को परिषद् सदस्यताको अनियमितताका बारेमा कसै उपर दाबी विरोध भए एनसीसी र आइसीसीमा उजुरी दिन सकिने अध्यक्षले बैठकमा प्रस्ट पारेका थिए। यता गुरुङले भने अनियमितता नगरेको भए २०१९ देखिकै बैंक स्टेटमेन्ट दिन किन समस्या भएको हो ? भन्दै प्रश्न गरिरहेका छन्।

# शृंखलाबद्ध लुटपाटमा संलग्न गिरोह पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार



काठमाडौंका विभिन्न स्थानमा महिलाको घाँटीमा लगाइएको सुनका सिक्री लुटपाट गर्ने कार्यमा संलग्न गिरोह पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पाँच जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा रामेछाप लिखु गाउँपालिका-१ का ३२ वर्षीय रवीन दमाईं, सुनसरी धरान उपमहानगरपालिका-८ का १८ वर्षीय रवि विश्वकर्मा, काभ्रे पाँचखाल नगरपालिका-७ का उमेश क्षेत्री, धनकुटा लेगुवा गाउँपालिका-७ बस्ने ३० वर्षीय राहुल माझी र भारत पश्चिम बंगाल, पश्चिम मेदनीपुर जिल्ला दासपुर थाना जयरामचोक बस्ने ४२ वर्षीय श्रीकान्त माइती रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा. मनोजकुमार केसीले जानकारी दिए। उनका अनुसार पक्राउ परेकाहरुले काठमाडौंका विभिन्न स्थलमा 'मर्निङ वाक' हिँडेका महिलालाई लक्षित गरेर शृंखलाबद्धरुपमा महिलाले गलामा लगाएका सुनका सिक्री लुटपाट गर्ने गरेका थिए। रवीन दमाईं मर्निङ वाकमा हिँडेका महिलाले गलामा लगाएको सुनका सिक्री लुट्ने र विश्वकर्मा मोटरसाइकल चलाउने कार्यमा संलग्न रहेको प्रहरीले जनाएको छ।

यसैगरी भारतीय नागरिक माइतीले लुटपाट गरेको सुन खरिद गरेका थिए भने अन्य दुई जना पनि सुन पगाल्नेदेखि अन्य भूमिकामा रहेको खुलेको प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा.केसीले बताए।

उनले भने, 'पक्राउ परेकाहरुले न्युरोडको जनसेवा मार्ग, चक्रपथको बंगलामुखी मन्दिर, सामाखुसीको कपुरधारा, टोखाको ग्राण्डी नजिकै र नागार्जुनको बुद्ध चोकबाट महिलाको सिक्री लुटेको खुलेको छ, टोखाकै विष्णुमति पुल नजिकबाट पनि सिक्री लुटपाट भएको थियो।' काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले उनीहरुलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरिएको जनाएको छ। दमाईं र विश्वकर्मा दुई जना मिलेर पहिला रेकी गर्ने र योजनाबद्धरुपमा बाइक प्रयोग गरेर महिलालाई लक्षित गरी लुट्ने गरेको प्रहरीको दाबी छ। उनीहरुले राजधानीका विभिन्न आठ स्थानमा यसरी लुटपाट गरेको खुलेको र सबै लुटपाट बिहान ५ देखि ६ बजेसम्ममा भएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा.केसीले जानकारी दिए।

पक्राउ परेकाहरुको साथबाट सुनको ढिक्का एक थान, तौल गर्दा करिब एक तोलाको सिक्री र लुटपाट गर्दा प्रयोग भएका मोटरसाइकल दुई थान, माबाइल छ थान तथा सुनको हार ४७ ग्राम बरामद गरिएको प्रहरीले जनाएको छ।

# बर्खासँगै त्रासमा तिल्चेका स्थानीय

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २४ असार



बर्खा लागेसँगै मनाङ तिल्चेका स्थानीय त्रासमा बस्न बाध्य भएका छन्। यसअघि मनाङमा वि.सं. २०७८ असार १ मा भएको भारी वर्षा इतिहासमै पहिलो घटना घटेको थियो।

त्यसयता भएको वर्षात् मनाङवासीका लागि अविस्मरणीय बनेको छ। वर्षातका कारण विभिन्न क्षेत्रमा ठूलो बाढीपहिरो जान गएकाले मनाङमा क्षति पुग्यो। वर्षातपछि मर्स्याङ्दी नदीसँगै यहाँका खोला, खोल्सीमा आएको बाढीले पनि धेरै क्षति पुऱ्यायो। दूधखोलामा आएको बाढीले नासौं गाउँपालिका-६ र ७ स्थित तिल्चे गाउँको बस्ती जोखिममा पऱ्यो। दुई वर्ष पूरा भइसक्दा पनि यहाँको बस्ती अझै जोखिममा नै रहेको छ। अझ वर्षायाम सुरुआत भएपछि पानी पर्दा यहाँको बस्ती अझै जोखिममा पुग्ने स्थानीयवासीको गुनासो छ।

बस्ती संरक्षणका लागि तटबन्ध निर्माण गरी केही मात्रामा जोखिम न्यूनीकरण गरिए पनि अझ बलियो र सुरक्षित बनाउन बजेट अभाव रहेको स्थानीयवासीको भनाइ छ। यस बस्तीलाई सुरक्षित बनाउन संघीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, गण्डकी प्रदेश र खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयको विशेष भूमिका रहेकाले अझै थप सुरक्षित बनाउन पहल गरिदिन स्थानीयवासीले माग गरेका छन्।

आर्थिक वर्ष २०८०/८१ मा दूध खोला नियन्त्रण योजनाका लागि बजेट विनियोजन नभए पनि व्यवस्थापन गर्ने प्रयासमा रहेको खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख ढाकाराम आचार्यले बताए। चालु आर्थिक वर्षमा उक्त बस्तीको जोखिम न्यूनीकरणका लागि तटबन्ध गरिएको छ, तर बजेटको अभावमा कामलाई पूर्णता दिन सकिएको छैन। नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङ तिल्चेवासीको सुरक्षाका लागि बजेट उपलब्ध गराउन पहल गरिरहेको बताए। गाउँपालिकाको बजेट कम हुँदा आफ्नै बजेटबाट यहाँको सुरक्षाका लागि काम गर्न सम्भव नभएको अध्यक्ष गुरुङको भनाइ छ। तिल्चेवासी वर्षायाममा पानी पर्न थालेपछि विगतमा झैँ खोलामा बाढी आएर बस्ती नै लैजाने हो कि भनेर तर्सिने गरेकाले यस क्षेत्रलाई सुरक्षित बनाउन प्रदेश सरकार र संघीय सरकारबाट सहयोगका लागि अपिल गरिहाल्नुपर्ने अवस्था रहेको स्थानीयवासी बताउँछन्। पानी पर्न थालेपछि रातभर पनि निन्द्रा नलाग्ने गरेको उनीहरुको भनाइ छ। यहाँको समस्याको समाधान प्रदेश सरकार र संघ सरकारले मात्रै गर्न सक्ने भएकाले गुहार्नुपरेको गाउँपालिकाले जनाएको छ।


# जबरजस्ती करणी मुद्दामा साढे १८ वर्ष कैद

**तनहुँ/मस**–तनहुँ जिल्ला अदालतले जबरर्जस्ती करणी मुद्दाका अभियुक्तलाई १८ वर्ष छ महिना कैद फैसला सुनाएको छ। जिल्ला अदालतका न्यायाधीश कोमलप्रसाद आचार्यको इजलासले आइतबर अभियुक्त व्यास नगरपालिका-१० निवासी यमबहादुर विकविरुद्ध उक्त फैसला सुनाएको हो। यही असार १३ गते मुद्दा फैसला भएकोमा आज सजाय निर्धारण भएको जिल्ला अदालतका श्रेस्तेदार मीनबहादुर कुँवरले जानकारी दिए। अदालतले कुँवरलाई छ लाख जरिवाना र रु. १५ हजार क्षतिपूर्ति बुझाउने समेत फैसला गरेको छ।

निज अभियुक्तविरुद्ध वि.सं. २०७८ असार ८ गते परिवर्तित नाम २०७७/७८ ट कुमारी वादीद्वारा तनहुँ जिल्ला अदालतमा जबरर्जस्ती करणी मुद्दा दर्ता भएको थियो। चौंध वर्षीया बालिकालाई विसं २०७७ मङ्सिर १५ गते जबर जस्ती करणी र विसं २०७८ जेठ १३ गते गर्भपतन गराएको अभियोगमा प्रहरीले विकलाई पक्राउ गरेको थियो। अभियुक्तले बालिकालाई विसं २०७७ मङ्सिर १५ र त्यसपछि पटक-पटक बलात्कार गरेको उजुरी परेको थियो।

# आकाश फुड्सलाई डेढ लाख जरिवाना

**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाले अखाद्य सामग्री बिक्री वितरण गरेको भन्दै लाजिम्पाटको एक पसललाई एक लाख ५० हजार रुपैयाँ जरिवाना तिराएको छ। कामपा-२ स्थित लाजिम्पाटमा रहेको आकाश फुड्सले सडेगलेका ढुसी परेको मिठाई तथा किरा परेको अन्य खाद्य सामग्री बिक्री वितरण गरेको पाएपछि निजलाई एक लाख ५० हजार जरिवाना गरिएको कामपाको निरीक्षण अधिकृत बलराम त्रिपाठीले जानकारी दिए। उनका अनुसार उक्त पसल सञ्चालक अंकुर अग्रवालले बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ को दफा २९ को खण्ड २ बमोजिम कसुर देखिएकाले सोही ऐनको दफा ३० को उपदफा १ अनुसार कारबाहीस्वरुप जरिवाना तिराएको बताइएको छ। कारबाही स्वरुपको उक्त रकम सात दिनभित्र एनआइसी एसिया बैकमा बजार अनुगमन समितिको राजस्व खाता नम्बरमा जम्मा गरी उक्त बैङ्क भौचर दोस्रो प्रति कामपामा पेस गर्न आदेशसमेत गरिएको छ। तोकिएको समयभित्र जरिवाना स्वरुपको रकम उपलब्ध नभए सोही ऐनको दफा ३० को उपदफा ३ बमोजिम थप कारबाही हुने समेत पसल सञ्चालकलाई जानकारी गराइएको छ। सेफ्टी ट्याङ्की ढलमा मिसाउनेलाई जरिवाना



कामपाले वडा नं ६ बौद्धस्थित बौद्धका गोकुलबहादुर बुढाथोकीले सेफ्टी ट्याङ्कीको फोहर ढलमा मिसाएको पाइएपछि ५० हजार रुपैयाँ जरिवाना तिराएको छ। पछिल्लो समय कामपाले आफ्नो अधिकार क्षेत्रभित्रमा स्थानमा जथाभावी फोहर फाल्ने, खुल्ला स्थानमा आगो बाल्ने, सडकमा निर्माण सामग्री राख्ने र ढल वा नदीमा फोहर मिसाउनेलाई नियमित अनुगमन गरी कारबाही गर्न थालेको छ। सोही अनुसार कामपाले बुढाथोकीलाई जरिवाना तिराएको हो। चाडबाडको समयमा मात्रै बजार अनुगमन गर्दै आएको कामपाले पछिल्लो समय बजार व्यवस्थापन गर्नका लागि नियमित रुपमा अनुगमन गरिरहेको छ। कामपाले आगामी वर्षका लागि व्यक्तिगत तथा संस्थागत भान्सालाई स्वास्थ्यकर बनाइराख्न आरोग्यता कायम गर्न स्वच्छ भान्छा कार्यक्रमका लागि तीन करोड ५० लाख रकम विनियोजन गरेको छ। कामपाले समग्र स्वास्थ्यको क्षेत्रका लागि भने करिब ९७ करोड रुपैयाँ विनियोजन गरेको छ।

# घुससहित लेखा अधिकृत पक्राउ

**काठमाडौं/मस**- मोरङको सुन्दरहरैचा नगरपालिकाका लेखा अधिकृत घुससहित पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लेखा अधिकृत शेखर ढकाललाई घुस रकमसहित पक्राउ गरेको हो।




ढकालले नगरपालिका तथा वडा कार्यालयहरुमा भएको मर्मत सम्भार कार्यको भुक्तानी दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको अख्तियारले जनाएको छ।

सो सम्बन्धी सूचना एवं उजुरी निवेदनका आधारमा आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले लेखा अधिकृत ढकाललाई सेवाग्राहीबाट दुई लाख रुपैयाँ घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नगरपालिकाको कार्यालयबाट नियन्त्रणमा लिएको हो। उनीमाथि थप अनुसन्धान भइरहेको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए।

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

यहाँ JAPAN र KOREA मा काम गर्ने जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्कः 01-4958923 / 01-4952044
मोः 9741818340 ( WhatsApp/Viber )

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/११/१९ मा दर्ता भएको **प्रा.लि. नं. ८११८०** को **अथेन्टिक नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**UAE मा PSBD Security Guard हरुलाई रोजगार**

Company Name: M.B.K. Security Services

पुन विज्ञापन ।पुर्व स्वीकृती मिति: २०८०/०३/१३ चलानी नं. ६०२०३९७९ LT. NO. 288687

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 150 | 50 | काममा दक्ष | 2000 | ७१,५३८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | ३ वर्ष |

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ।

अंग्रेजी लेख्न-पढ्न र बोल्न सक्ने, पुरुषको उचाई ५ फिट ७ ईन्च र महिलाको ५ फिट ५ ईन्च र उमेर २१ देखि ३९ वर्ष सम्म भएको हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८० असार २६ र ३१ गते (11& 16 July, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा
असार २७ गते (12 July, 2023) यस प्रा. लि. को शाखा कार्यालय कास्की, पोखरमा,
असार २८ गते (13 July, 2023) होटेल सिराइचुली, नारायणघाट, चितवनमा,
असार २९ गते (14 July, 2023) यस प्रा. लि. को शाखा कार्यालय इटहरी, सुनसरीमा र
असार ३० गते (15 July, 2023) होटल सेन्टर प्वाइन्ट, ब्रितामोड, झापामा हुनेछ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, 9802343455, 9802348235
Email: myeuroasiahr@gmail.com Web: www.euroasiagroups.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१०/१० मा दर्ता भएको **प्रा.लि. नं. २८२१४३** को **धागो अपेरल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचना ! सूचना !! सूचना !!!**

उपरोक्त सम्बन्धमा अमर कन्ट्रक्सन प्रा.लि. र ज्ञानेश निर्माण सेवा प्रा.लि.बीच जे.भि. भई विभिन्न निर्माण कार्य गर्ने प्रयोजनका लागि टेन्डरमा भाग लिई निर्माण कार्य गर्ने प्रयोजनार्थ सानिमा बैंक लिमिटेड शाखा कार्यालय नक्साल खाता नं.०२५०१००१०००१६९८, माछापुच्छ्रे बैंक लि. शाखा कार्यालय हेटौंडाको खाता नं. ०९२००९५०५९२०००११, ऐ. बैंकको खाता नं. ०९२०९९०१९७८००८४० माथि उल्लेखित जे.भि. कम्पनीको संयुक्त खाता खोली ज्ञानेश निर्माण सेवा प्रा.लि.का अध्यक्ष शिव प्रसाद चौलागाईंको एकल हस्ताक्षरमा माथि उल्लेखित खाता सञ्चालन गर्दै आइरहेकोमा हामी जे.भि. कम्पनीका अध्यक्षहरुबीच मिति २०७९/११/२३ को निर्णयबमोजिम अब उप्रान्त जे.भि. कम्पनीका दुवै जना अध्यक्षहरुको संयुक्त हस्ताक्षरबाट मात्र खाता सञ्चालन गर्ने निर्णय भएको हुँदा उक्त खाताका पुराना सम्पूर्ण चेकहरु फिर्ता लिने साथै अब उप्रान्त उक्त खाताको नयाँ चेक जारी गरी कारोबार गर्ने भनी निर्णय भएको हुँदा मिति २०७९/११/२३ गते पश्चात एकल हस्ताक्षरबाट जारी गरिएका सम्पूर्ण चेकको जिम्मेवारी निज ज्ञानेश निर्माण सेवा प्रा.लि. नै रहने भनी यसै सूचनामार्फत सरोकारवाला सबैलाई जानकारी गराइन्छ।



## सम्पादकीय

# आधारहीन दोषारोपण

मिटरब्याज पीडितहरूको समस्या समाधान गर्नेगरी सरकारले ल्याएको अध्यादेश निष्कृय भएपछि पीडितहरू फेरि संघर्षमा उत्रिएका छन् । माइतीघर मण्डलदेखि नयाँ बानेश्वर सडक खण्डमा पीडितहरूले प्रदर्शन गरेका थिए । पीडितहरूलाई सम्बोधन गर्न उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ सडकमै पुगेका थिए । गृहमन्त्री श्रेष्ठले पीडितहरूलाई न्याय दिनेगरी विधेयक आउने आश्वासन दिएका छन् । तर श्रेष्ठकै अभिव्यक्ति समेतलाई आधार मानेर नेकपा एमाले संघीय संसद खोल्ने सहमतिबाट पछि हटेको छ । प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग एमाले अध्यक्ष ओलीले संसद् खोल्ने सहमति गरेका थिए । तर त्यो सहमतिमा ओली अडिएनन् । प्रचण्ड र देउवासँग सहमति गरेर संसद् भवन बानेश्वर पुग्नासाथ ओलीले गृहमन्त्री श्रेष्ठको अभिव्यक्ति समेतलाई देखाएर संसद अवरोध गर्ने अडानमा कायमै रहने निर्णय लिए ।

गृहमन्त्री श्रेष्ठले मिटरब्याज पीडितहरूको समस्या हल गर्नेगरी ल्याइएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक एमाले लगायत विपक्षी दलहरूको कारण निष्कृय भएको सार्वजनिक अभिव्यक्ति दिएका थिए । प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले पनि प्रेस नोट जारी गरी मिटरब्याज पीडितहरूलाई न्याय दिने सरकारको तयारीमा एमाले अवरोध बनेको उल्लेख थियो । श्रेष्ठको अभिव्यक्ति र आचार्यको प्रेसनोटलाई आधार मानेर एमालेले संसद अवरोध गर्ने नीतिबाट पछि नहट्ने अडान लियो । जसकारण, सडक संघर्षमा रहेका मिटरब्याज पीडितहरूले न्याय पाउने विषय अन्योलमा परेको छ । तर गृहमन्त्री श्रेष्ठ र माओवादी केन्द्रका नेताहरूले मात्रै नभएर विपक्षी दलहरूले पनि उक्त अध्यादेश निष्कृय हुनुको कारण अर्को पक्षलाई लगाउने गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सरकारकै कारण उक्त अध्यादेश निष्कृय हुन पुगेको बताएका छन् ।

नेताहरूले एकअर्कामा लगाएको आरोपमा केही तथ्यहरू पक्कै देखिन्छ । जस्तो– सरकारले अध्यादेश प्रतिस्थापन गर्न ल्याइएको विधेयक पारित हुनुपर्ने अन्तिम दिन मात्रै संसदमा पेश गऱ्यो । त्यसदिन विपक्षी दलहरूले प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्तिलाई लिएर संसद अवरोध गरेपछि अध्यादेश विधेयकमा प्रतिस्थापन नभएर निष्कृय हुन पुग्यो । विपक्षी दलहरूले सरकारले अन्तिम दिन मात्रै ल्याउनुलाई दोष देखाइरहेका छन् भने सत्तारूढले विपक्षीको संसद अवरोध कारण भएको बताइरहेको छ । तर असर भने मिटरब्याज पीडितहरूमा परेको छ, जसले मुलुकमा न्याय पाउन सजिलो छैन भन्ने सन्देश गएको छ ।

# अन्तर्राष्ट्रिय आँखीझ्यालबाट नेपाली पुस्तक बजार

*नेपाली पुस्तक बजारमा मायावी लेखकहरू तानाशाहका रूपमा र सेलीब्रेटी लेखकहरू नेपाली साहित्य संहारकको रूपमा उदित भएका छन् । उनीहरूलाई तथ्यमा आधारित पुस्तक लेख्न आवश्यक छैन वा भनौं उपयोगी छैन । अहिले उनीहरू मायावी जाल प्रयोग गरेर पाठकलाई आकर्षित गर्न खोजिरहेका हुन्छन् ।*

अग्रलेख



● सुरेश भट्ट

किताबको चर्चा गर्नु पहिले पुस्तकमाथिको चर्चा कहिलेबाट शुरूवात भएको रहेछ भनेर बुझ्न आवश्यक हुन्छ । सन् १८९६ मा 'न्युयोर्क टाइम्स'ले पहिलो पटक पुस्तक समीक्षाका बारेमा केही जानकारीमूलक, परिचयात्मक एवम् संरचनात्मक सामग्रीहरू प्रकाशन गरेको देखिन्छ । त्यसपछि कतै समालोचनाका सन्दर्भमा र कतै विधागत सैद्धान्तिक जानकारीका सन्दर्भमा उदाहरणहरू प्रस्तुत गर्दा आवश्यक पुस्तकको समीक्षात्मक स्वरूपलाई अगाडि सारिएको पाइन्छ ।

नेपालमा पुस्तकमाथीको चर्चा १०० वर्षभन्दा बढीको इतिहास रहेको देखिन्छ । गोरखापत्रमा १० असोज १९७३ का दिन समालोचना शीर्षकअन्तर्गत 'दुर्गा भक्ति तरङ्गिणी' नामक नेपाली पुस्तकबारे प्रकाशित समालोचनाले नेपाली समालोचनाको इतिहास १०० वर्षभन्दा बढी पुरानो भइसकेको प्रष्ट हुन्छ । तर पुस्तक प्रकाशित हुनुभन्दा धेरै अघिदेखि मानिसले लेख्न थालेको हो । लिपिको आविष्कारले लेखनलाई सम्भव बनाएको थियो । यसभन्दा अघि मानिसले अनुभव र ज्ञानलाई मौखिकरूपमा कथाको माध्यमद्वारा प्रस्तुत गर्थ्यो । सुनाइका माध्यमबाट अनुभव र ज्ञान एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुन्थे । सबैभन्दा लामो समय अनुभव र ज्ञान यसैगरी हस्तान्तरित भएका छन् । यो परम्परा आज पनि जीवित छ । सबैले लेख्दैनन् । सबैसँग लेख्ने सीप पनि हुँदैन । देहातमा रहेका पुराना पुस्ताहरूसँग अनुभव र पौराणिक ज्ञान हुन्छ । उनीहरूले लेख्दैनन्, उनीहरू अलिखित पुस्तकका महाकाव्य हुन् । आज पनि पुरानो पुस्ताले नयाँ पुस्तालाई सुनाउँछन् र ज्ञान र अनुभव हस्तान्तरण गर्छन्, त्यसैको जगमा आजपनि नयाँ पुस्ताले लेखिरहेका छन्, चाहे त्यो साहित्य, कला र संगीत सौन्दर्यानन्द प्राप्त गर्ने सिर्जनात्मक रचनाहरू नै किन नहुन् ।



यसै कारणले पनि एउटा अमेरिकामा बसेको नेपाली वैज्ञानिकले पनि नेपाली उपन्यास पढ्छ, पढ्न मन पराउँछ र खाडीको श्रमिकले पनि । एउटा इतिहासकार पनि कविता पढ्छ र मानवशास्त्री पनि । राजनीतिज्ञले निबन्ध पढ्छ र संस्कृतिविद्ले पनि । तर, खोज अनुसन्धान गरेर पुस्तक पढ्ने र लेख्नेहरूको संख्या भने निकै थोरै छ । पढ्नेहरू धेरै भइसके ।

मानिसका निम्ति पुस्तक इतिहासदेखि नै प्रिय रहँदै आएको छ । प्रत्येक वर्ष लाखौं शीर्षकमा छापिने पुस्तकहरू करोडौं मानिसले पढ्छन् । अहिले पनि मानिस सबैभन्दा बढी छापिएका पुस्तक नै पढ्छन् । एक अध्ययनले अमेरिकाजस्तो प्रविधिको विकास भएको मुलुकमा पनि ७५ प्रतिशत पाठक छापिएका पुस्तकहरू पढ्छन् भनेर देखाउँछ । विकसित प्रविधिको प्रयोगले ई-पुस्तक पढ्नेहरू अहिले बढेका होलान् यद्यपि छापालाई उछिन्न अझै केही समय लाग्नेछ ।

अन्तर्राष्ट्रिय नेपाली समुदायमा पछिल्लो समयमा पुस्तक प्रकाशनमा देखिएको बढोत्तरी तथा पुस्तक समीक्षाका रूपमा पत्र-पत्रिकामा प्रकाशित सामग्रीले अन्तर्राष्ट्रिय नेपाली पुस्तकको बजार र पठन संस्कृतिको विकाससँगै समालोचनालाई परम्पराको एउटा भागका रूपमा लिएर हेर्ने हो भने त यसको संख्या र यसले ओगटेको क्षेत्र नेपाल भन्दा अझै व्यापक देखिन्छ । यसका केही परिस्थितिहरू छन्, जस्को बलियो आधार भनेको पढ्नेहरू र लेख्ने क्षमताका मान्छेहरू विप्रेषणबाट देशसँगै घरबार चलाउन विदेशिनु बलियो करण हो ।

पुस्तकको समालोचनाका सिद्धान्त, सौन्दर्य, प्रवृत्ति, इतिहास तथा समालोचनायुक्त लेखको संकलन जस्ता विविध विषयमा प्रकाशित ती पुस्तकको संख्या 'डायस्पोरा'को आँखीझ्यालबाट हेर्दा नेपाली भाषामा समालोचनाका विषयमा प्रशस्त पुस्तक प्रकाशित भएको र यसका माध्यमद्वारा अन्य विषयमा यथेष्ट चर्चा र विमर्श भएको पाइन्छ । तर सुखद पक्ष यो छ कि आजका अन्तर्राष्ट्रिय नेपाली पुस्तक बजारमा हिजोका स्टालिनजस्ता तानाशाह वा इदी अमिनजस्ता मानव संहारक छैनन् । बरु, आजको नेपाली पुस्तक बजारमा मायावी लेखकहरू तानाशाहका रूपमा र सेलीब्रेटी लेखकहरू नेपाली साहित्य संहारकको रूपमा उदित भएका छन् । उनीहरूलाई तथ्यमा आधारित पुस्तक लेख्न आवश्यक छैन वा भनौ उपयोगी छैन । अहिले उनीहरू मायावी जाल प्रयोग गरेर पाठकलाई आकर्षित गर्न खोजिरहेका हुन्छन् ।

*बंगाली कवि रवीन्द्रनाथ टेगोरका साहित्य पनि सामूहिक प्रयासमा बंगालीबाट हिन्दी, अंग्रजीमा अनुवाद भएका हुन् । भियतनाम, चीन कोरियालगायत विभिन्न देशका साहित्य पनि अनुवाद भएर नेपाललगायत अन्य मुलुक गएका छन् । नेपालका कविहरु र साहित्य पनि यस्तै विश्वविख्यात हुन सक्छन्, तर यसमा काम गर्ने अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले अनुवादकको प्रयास गर्न सकिरहेको छैन ।*

डिजिटल प्रविधिको प्रयोग गरेर उनीहरू यस्तो मायावी जाल फिँजाउँछन् कि त्यसमा पाठकहरू सजिलै फस्न सकुन् । हाम्रो पुस्तक बजारमा दैनिक यस्ता मायावी दर्जनौं पुस्तक निस्कन्छन् र डिजिटलाइज्ड गरी बजार पठाइन्छ । यसरी बजारमा प्राप्त हुने कुनै पनि पुस्तकले पाठकको मतिभ्रम गर्ने गर्दछ । लोलीते कलामा प्रस्तुत गरिएको बजारमा पाइने भिडियो र अडियो क्लीप सुनेरै पाठकहरूले उक्त पुस्तक सही ठान्दछन्, किन्छन् र ठगिन्छन् । सबै लेखकका पुस्तक पठनयोग्य हुँदैनन् लेखिएका जती पुस्तक सबै खराब पनि हुँदैनन् ।

पाठक वर्गहरूले रोजाईको पुस्तक पढ्न पाउनुपर्ने उस्को अधिकारको कुरा हो । तर कतिपय पुस्तक विमोचनमा नाम चलेका विश्लेषक, समीक्षक र समालोचकहरूले पुस्तकलाई न्याय गर्न नसक्दा पाठकहरू ठगिने गरेको अर्को जबरजस्त उदाहरण हो । जसले गर्दा अन्तर्राष्ट्रिय नेपाली पाठकहरू माझ ज्ञानबर्धक जानकारीमूलकभन्दा बढी श्रृंगारित पुस्तक पुऱ्याइरहेका हुन्छन् । यसले पुस्तक लेखक र वितरकलाई फाइदा हुन्छ नै तर, समाजलाई गतिशील बनाइरहन र चेतनालाई माथि उकास्ने सबैभन्दा गतिलो हतियार भुत्ते हुन्छ ।

विश्वका उदार अर्थतन्त्र अंगिकार गरिएको मुलुकमा पाठक अथवा उपभोक्ता दुविधामा पर्ने सम्भावना अधिक न्यून रहन्छ । किनभने पुस्तक छनौटको मूल आधार नै पुस्तक विमोचनमा हुने पुस्तकभित्रका चर्चा र विमोचनपछि बजारमा प्राप्त पुस्तकमाथि लेखहरूको समालोचनात्मक दृष्टी हुने गर्छ ।

